# प्रदेश सभा

# गण्डकी प्रदेश

# दशौं अधिवेशन

# (तेत्तिसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मितिः २०७९।०४।२५ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १ बजेर १८ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, प्रदेश प्रमुखको कार्यालय गण्डकी प्रदेश पोखराबाट विधेयक प्रमाणीकण सम्बन्धि पत्रहरु प्राप्त हुन आएको छ, सोको व्यहोरा म पढेर सुनाउँछु।

मिति २०७९/३/३१ गते

श्री प्रदेश सभा सचिवालय,

गण्डकी प्रदेश पोखरा ।

विषय : प्रमाणीकरण भएको विधेयक पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रदेश सभा सचिवलय गण्डकी प्रदेश पोखराको मिति २०७९/३/३१ को पत्रसहित प्राप्त प्रदेश सभाबाट पारित निम्न विधेयकहरु मिति २०७९/३/३१ मा माननीय प्रदेश प्रमुखबाट प्रामाणीकरण भएकोले १/१ प्रति विधेयक यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

१. आ.व. ०७९/८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक । २. प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७९। हरिप्रसाद बास्तोला

सचिव

मितिः ०७९/४/२४

श्री प्रदेश सभा सचिवालय

गण्डकी प्रदेश पोखरा, कास्की ।

विषयः प्रमाणीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा त्यहाँबाट प्राप्त मिति २०७९/४/२२ को पत्रसहित पेश हुन आएको प्रदेश सभा गण्डकी प्रदेशबाट पारित देहाय बमोजिमको विधेयक मिति ०७९/४/२४ मा माननीय प्रदेश प्रमुखबाट नेपालको संविधानको धारा २०१ को उपधारा २ बमोजिम प्रमाणीकरण भएकोले १/१ प्रति विधेयक यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

देहायः

१. गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ।

२. गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक।

आमोद दाहाल

कानुनी अधिकृत

माननीय सदस्यहरु, सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहनु हुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित

समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु ।सर्वप्रथम माननीय सदस्य श्री माननीय आशा कोइराला, तनहुँ

**माननीय श्री आशा कोइराला**

माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रम अन्तर्गत १ निर्वाचन क्षेत्र १ कृषि सडक छनोट र निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनको प्रकृया के कसरी अघि बढिरहेको छ ? प्रदेश सरकार एवम् सम्बन्धित मन्त्रालयललाई यो सदनलाई जानकारी गराउनको लागि हार्दिक अनुरोध गर्न चाहन्छु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य ओमकला गौतम, नवलपरासी ।

**माननीय ओमकला गौतम**

माननीय सभामुख महोदय, पर्वत जिल्लाको जलजला गा.पा. ७ धाइरिंगमा गत सोमबार विहान ७:३० बजे पर्वत वितरण केन्द्र माताहतको शाखा विद्युत प्रशारण केन्द्रमा हाइभोल्टेजको विद्युत प्रशारण हुँदा १ महिलाको ज्यान गएको छ ।१३ व्यक्ति घाइते भएका छन् ।११ बाख्रा मरेका छन् । २५० भोल्टेज प्रशारण हुने उक्त लाईनमा ११ हजार भोल्टेज क्षमताको विद्युत गएको जानकारीमा आएको छ। कसको गल्तीले हो हाइभोज्टेल विद्युत प्रशारण भयो र उक्त जनधनको क्षति हुन पुग्यो ? तत्काल छानविन गरी घाईतेको उपचार गर्न, जुन चौपायाहरुको मृत्यु भएको छ, ती चौपायाहरुको क्षतिपूर्ति दिन र यो छानविन समिति गठन गरी, यो जसको लापरवाही छ, जसको कारणबाट हाइभोल्टज गाको छ ? तत्काल त्यसलाई छानविन गरी कानुनी दायरामा ल्याउन म सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहन्छु । मृतक महिलाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । घाईतेको सम्पूर्ण उपचारको व्यवस्था समेत गरी शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख श्री नेत्रनाथ अधिकारी**

माननीय सदस्य श्री पियारी थापा, वाग्लुङ्ग ।

**माननीय श्री पियारी थापा**

माननीय सभामुख महोदय, जनता भन्छन् महंगी बढ्यो, महंगी घटाउ हामीलाई राहत देऊ, तर सरकार भन्छ महंगी बढेकै छैन । जब कि बजार भाउ हेर्ने हो भने दैनिक उपभोग्य वस्तु मुल्य किनिनसक्नु छ, आकाशीदो छ । सरकारको अनुगमन नै संयन्त्र नै अत्यन्तै फितलो छ, विश्वसनीय नै भएन । सरकार जनताको चुलोचौको बल्ने स्थिति भयावह छ । सरकारी संयन्त्रको अनुगमनको पनि अनुगमनको आवश्यकता देखियो । त्यसकारणले गर्दाखेरि यस्ता विषयमा अनुगमनको पनि अनुगमन होस् भन्न म चाहन्छु । र जनतालाई तत्कालै राहत दिने विषय गम्भिर ध्यानाकर्षण होस् । गण्डकी प्रदेशलाई आज जनताहरुले कर प्रदेश भन्न थालेका छन् । हामीले अत्यन्तै मेहेनत गरे राखेको गण्डकी प्रदेश आज कर प्रदेशको नामले चिनिन थालेको छ ।

त्यसकारण माननीय सभामुख महोदय, यो विषय गम्भिर हो । तसर्थ, सवारी साधन, घरजग्गा, रेष्टुरेन्ट शुल्कमा भएको ४०० प्रतिशत भन्दा बढी कर कुनै पनि हालतमा जनपक्षीय हुन सक्दैनन् । जनताले कर तिर्नु पर्छ, राजस्वको मुख्य स्रोत कर हो भनेर जनता माथिको राज्यको दोहन तत्काल बन्द गरियोस् र सुनिएको छ, सवारी साधानमा केही हेरफेर भएको छ । बिरोध आएपछि मात्र पछि हट्ने होइन यस्ता कदम चालिनु अघि नै हेक्का पुर्याउनु पर्छ र कर सम्बन्धी र मूल्य नियन्त्रण सम्बन्धी भएका गरेका सरकारले गरेका कामहरुलाई यथाशक्य रुपमा संसदलाई जानकारी गराउनका निमित्त मैले आजको शून्य समय मार्फत ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख श्री**

माननीय सदस्य श्री भागवत प्रसाद मल्ल, स्याङ्जा ।

**माननीय भागवत प्रसाद मल्ल**

माननीय सभामुख महोदय, यो सामाजिक सुरक्षा भत्ता ७ वटा शीर्षकमा बाँडेको रहेछ, यो जेष्ठ नागरिक, दलित, जेष्ठ नागरिक, एकल महिला, विधवा र त्यसपछि पूर्ण अपाङ्ग, आम्सिक अपाङ्ग र दलित बालबालिका । यो संविधानले सबै नागरिकलाई बराबर हकको व्यवस्था गरिएको छ । त्यसैले माननीय सभामुख महोदय, यो एकल पुरुष भत्ता र तेस्रो

लिङ्गी सामाजिक सुरक्षा भत्ताको लागि सभामुख मार्फत यो प्रदेश सरकार र संघ सरकारलाई माग गर्दछु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख श्री नेत्रनाथ अधिकारी**

माननीय सदस्य ललितकला गुरुङ, पर्वत ।

**माननीय ललितकला गुरुङ**

माननीय सभामुख महोदय, केही दिन पहिला २०७९ साल असार ३२ गतेका दिन पर्वत जिल्ला विहादी गा.पा. वडा नं. १ का वडा सदस्य दिपक गुरुङको आफ्नै घरमा कपडा सुकाउने क्रममा बिजुलीको करेण्ट लागेर विहान ९ बजे ४२ वर्षिय दिपक गुरुङको मृत्यु भएको थियो । यसको महिना दिन नबित्दै फेरी जिल्लाको जलजला गा.पा. वडा नं. ७ धाइरिङको धारापानीमा हाइभोल्टेजको विद्युत प्रवाह हुँदा यहीँ २३ गते विहान करिव ७ बजेतिर ५० वर्षीय सिता के.सी. को मृत्यु भएको छ भने १४ जना घाईते भएका छन् । घाईतेहरु बेनि अस्पतालमा उपचार पछि घर फर्किएका छन् । १४ वटा  बाख्रा मरेका छन् भने २४ वटा घाइते भएका छन् ।

४५ वटा मिटर बक्स जलेको छ । यस घटनाबाट ज्यान गुमाउनु भएको दिपक गुरुङ अनि सिता के.सी. प्रति भावपूर्ण श्रद्धाञ्जली र परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै पशु चौपायामा र मिटरवक्स तार तथा अन्य चिजमा पर्न गएको क्षतिको लागि आवश्यक सहयोगको व्यवस्था गर्न सभामुखज्यू मार्फत प्रदेश सरकार र सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु । निरन्तर रुपमा घटिरहने यस्ता घटनाबाट थुप्रै मात्रामा जनधनको क्षति भइरहने हुँदा यी र यस्ता घटनाहरु घट्न नदिन प्रदेश सरकारले आवाश्यक कदम चाल्न अनुरोध गर्दछु । जय नेपाल ।

**माननीय सभामुख श्री नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरु, शून्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरु, अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय

सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राखुहुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री विकास लम्साल, समय १० मिनेट ।

**माननीय श्री विकास लम्साल**

माननीय सभामुख महोदय, पर्वत जिल्लाको जलजला गा.पा. वडा नं. ७ धाइरिङ्गमा यहीँ श्रावण २३ गते अत्यन्तै एउटा दुखद् घटना घट्यो सभामुख महोदय । हाइभोल्टेज विद्युत प्रशारणले गर्दा धाइरिङको धारापानी, ठूलास्वाँरा, माझस्वाँरा र शिरुवारी क्षेत्रमा टांगिएको विद्युत लाईनको हाइभोल्टेजको कारणले ५० वर्षिय सिता के.सी. को दुखद् निधन भएको छ । त्यस्तै अरु ११ जना बुद्धिराज दर्जी वर्ष ४०, टिका दजी बर्ष ३०, विर वहादुर क्षेत्री वर्ष ४५, देवी क्षेत्री वर्ष २६, विनिता आचार्य वर्ष २६, जयप्रसाद शर्मा वर्ष ५२, सरीता क्षेत्री वर्ष २६, सरस्वती आचार्य ५२, पूर्णिमा आचार्य वर्ष १२, जगन गिरी वर्ष ६३, सरीता क्षेत्री वर्ष ३१, ११ जनाको करेण्ट लागेर उहाँहरु सख्त घाईते हुनुभएको छ । उहाँहरुको स्वास्थ्य उपचारको लागि, म माग गर्न चाहन्छु र उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । र ५० वर्षिय सिता के.सी. को दुखद् निधनमा भावपूर्ण श्राद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनामा गहिरो समवेदन व्यक्त गर्न चाहन्छु । साथै त्यो घटनामा ११ वटा पशुधनको क्षति भएको छ । बाख्राहरु जलेर मृत्यु भएको छ र १०० घर भन्दा बढीका मिटरबक्सहरु घरको वायरिंगहरु जलेर ध्वस्त भएको छ। फ्रिजहरु, टिभीहरु, राइसकुकरहरु धेरै जलेका छन् ।

सभामुख महोदय, अहिले त्यहाँ विद्युत कार्यालयका प्रमुख, जिल्ला प्रशासन कार्यालयका सहायक सिडियो र स्थानीय जनप्रतिनिधिहरु र त्यहाँको सुरक्षा निकायका प्रमुख सहित एउटा सहमति भएको छ। अब यस्ता सहमति मात्रै नहुन, अत्यन्तै ठूलो एउटा दुःखद घटना त्यहाँ घट्यो यसको छिटो भन्दा छिटो उनीहरुले राहत पाउनुपर्यो र मृतकको परिवारलाई एउटा जीविकोपार्जनको लागि एउटा जागिरको व्यवस्था हुनुपर्यो । र यसका लागि म सरकारसँग माग गर्न चाहन्छु । यस्ता घटनाहरु पर्वत जिल्लामा पटक-पटक दोहोरिरहेका छन्, सभामुख महोदय ।

केही दिन अगाडि विहादी गा.पा. को वडा नं. १ बाच्छामा एकजना जनप्रतिनिधि दिपक गुरुङको पनि विद्युत लाईन हाइभोल्टेज प्रशारणले मृत्यू भएको छ । गत साल पनि शंकरपोखरीमा यस्तै घटना भएर त्यहाँ ठूलो एउटा क्षती भएको थियो । अब हामीले हतारमा विद्युत बाल्नका लागि सरकारले एकदम कच्चि उसमा लाईन वितरण गरेको छ । अहिले हाईविद्युत उत्पादन बढ्दै गएको छ । विद्युत ट्रान्समिटर लाईनहरुमा हाईभोल्टेज दिँदा यसको कन्ट्रोल भएको छैन ।यस्ता कुरामा प्राधिकरणले क्षति भईसकेपछि राहत दिने भन्दा पनि यी कुराहरुलाई सच्याएर जानका लागि पनि म सरकार मार्फत प्राधिकरणको ध्यानाकर्षण गराउन चाहन्छु सभामुख महोदय । अब यस्ता दुःखद घटनाहरु फेरी नदोहोरिउन् र यसका लागि विद्युत प्राधिकरण पनि एउटा जिम्मेवार बनोस् । र ती कमजोर ठाउँहरुमा नोलाईट सिस्टमको व्यवस्था होस् र छिटो भन्दा छिटो यस्ता घटना घट्दा वित्तिकै त्यसको कन्ट्रोल हुने एउटा व्यवस्था पनि मिलाओस् भन्ने म माग गर्न चाहन्छु ।

सभामुख महोदय, अब टाढाको कुरा छोडिदिउँ । अब यो सरकारले धेरै टाढाको कुरा देख्दैदेख्दैन यसलाई मोतियाविन्दु लागेको छ । नजिकैको कुरा गरौं यो पोखराको वडा नं. ४, ५ जोड्ने फिर्केखाला, यो पोखरा-वाग्लुङ सडकको फिर्केखालाको पुल एउटा अहिले बोटल नेक जस्तो छ सभामुख महोदय । यताबाट ६ लेनको सडक छ उताबाट ६ लेनको सडक छ बिचमा सिंगल लेनको एउटा पुल छ । यत्रो पर्यटकीय सहरमा त्यो बाटो दैनिक हिंड्नेले त मेलो पाउँछन् होला । मोटरसाईकल चलाउनेहरुले जानकारी पाउँछन् होला, तर एकैचोटी भाडामा मोटरसाईकल लिएर कोही मान्छे सराङकोट जान्छु भन्ला, कोही मान्छे धम्पुस जान्छु भन्ला, त्यो मान्छेलाई पासो थापेको जस्तो भएको छ सभामुख महोदय त्यो पुल । आज यो सरकारले देख्दैन, सुन्दैन, थाहा पाउँदैन, त्यो जनताले बुझेका छन् तर जनताको लागि पनि यो कुरा उठाउनु पर्नेभयो ।

सम्बन्धित निकायको ध्यान आकर्षण होस् भन्ने कुरा म राख्न चाहन्छु सभामुख महोदय। त्यो दुर्घटनाग्रस्त पुल बनेको छ । त्यो ज्यानमारा पुल भनेर अस्ति म पर्वतबाट फर्कदै थिएँ, त्यहाँ पुलको अवस्था हेर्नलाई यति वर्ष भयो बनेन माननीयज्यू, मन्त्रीज्यू, पूर्वमन्त्रीज्यू भनेर त्यहाँ सोद्दाखेरी यो ज्यानमारा पुन नाम राखिदिनु पर्यो नभए टिनका पाता लगाएर भए पनि यो बाटो छेकेर मान्छे बचाउनु पर्यो । ४ वटा मोटरसाइल खसे, गाडी खसे,

यो छिटो भन्दा छिटो सभामुखज्यूले सरकारलाई निर्देशन गरेर के हुँदैछ भनेर सरकारलाई ध्यानाकर्षण गराउनको लागि पनि म माग गर्न चाहन्छु सभामुख महोदय ।

त्यस्तै पर्वत जिल्लाको मोदीखोला कुश्मा न.पा. को मोदीखोला पुल एउटा जीर्ण अवस्थामा छ । मोटरेवल पुल हो । माननीय सभामुख महोदय पनि त्यही क्षेत्रबाट निर्वाचित एउटा सांसद हो, तर त्यो पुल आज सामाजिक सञ्जालमा धेरै चर्चा भयो । बजेट छुट्याइयो । मुख्य मन्त्रीलाई देखाएँ मैले, अब पुल बन्ने भयो भनेर धेरै सुन्न पाइयो, तर त्यो पुलका लागि त्यो पुल निर्माण गर्ने बेलामा पनि हामीले योगदान गरेका थियौं, तर अहिलेसम्म त्यो पुल मर्मत हुँदैन । त्यो पुलको विकल्प पनि त्यहाँ चाहिन्छ। त्यसले तीन जिल्ला स्याङ्जा, गुल्मी, पर्वतलाई सेवा दिने पुल हो त्यो। त्यसको विकल्प पनि चाहिन्छ ।

त्यो सस्पेन्सन ब्रिज मोटरेवेल सस्पेन्सन ब्रिजको छिटो भन्दा छिटो मर्मतको लागि म माग गर्न चाहन्छु सभामुख महोदय ।त्यो धेरै एउटा चर्चा भयो । सामाजिक सञ्जालमा धेरै जस लिन खोजियो, तर पुल जस्ताको तस्तै छ । दिनदिनै त्यहाँ ट्याक्टर खसेका छन् । दिनदिनै गाडी खसेका छन् । दिनदिनै पाता खसेका छन्, तर सरकारले देख्दैन । म सडक विभागलाई सरकारले निर्देशन गरोस् र छिटो भन्दा छिटो त्यो पुल मर्मत होस् म माग गर्न चाहन्छु । अब तीज बेल आउँदैछ फेरी दिदीबहिनी खसे भनेर फेरी दशैंको बेलामा चाडपर्वमा घर फकर्ने खसे भनेर त्यहाँ गीत गाउने वातावरण नबनोस् म सरकारसँग माग गर्न चाहन्छु सभामुख महोदय ।

त्यस्तै पर्वत जिल्लाको फलेवास न.पा. को एउटा महत्वपूर्ण रंगशाला गण्डकी प्रदेशकै एउटा राम्रो रंगशाला बन्ने ठाउँ आज त्यहाँ हामीले संघ सरकारले, प्रदेश सरकारले, स्थानीय सरकारले साझेदारीमा एउटा रंगशाला बनाउन लागिएको थियो सभामुख महोदय । त्यसै रंगशालाको माथिबाट अहिले हाइटेन्सन लाईन लगेर रंगशालालाई क्षति पुग्ने अवस्था सृजना भएको छ । यो हामीले त्यहाँका जनताहरुले पटक-पटक त्यहाँ आन्दोलन गरिरहेका छन्, माग गरिरहेका छन् । यो हामीले माथिसम्म पनि विद्युत प्राधिकरणसम्म पनि यो कुरा पुर्याइएको छ, त्यसको विकल्प खोजिन्छ भनेर भनिन्छ तर त्यो जस्ताको तस्तै छ । त्यसले उत्पादन भएको विद्युत जान सकेन। त्यहाँ हान्टेन्सन

प्रशारण लाईन नबन्दाखेरी, कालीगण्डकी प्रशारण लाईन नबन्दाखेरी रोकियो भन्ने एउटा सन्देश गएको छ ।त्यसको विकल्प गर्न सकिन्छ । त्यसको एमडीसँग कुरा गर्दाखेरी त्यसको केहीं डिलतिर बाट लगेर त्यो रंगशाला पनि जोगाउन सकिन्छ, हाइटेन्सन लाईन पनि लान सकिन्छ भनेर धेरैचोटी सहमति भयो तर सहमत हुँदा पनि कार्यान्वयनमा गएन । म संसद सभामुख मार्फत फेरि पनि प्राधिकरणको सरकारको गम्भिर ध्यानाकर्षण गर्न चाहन्छु । त्यो छिटो भन्दा छिटो जनताको त्यो आवाजलाई सुनियोस् र त्यसको विकल्प खोजेर त्यो २ वटै प्रशारण लाईन पनि बनोस्, त्यो रंगशाला पनि नबिग्रियोस् यो माग गर्न चाहन्छु सभामुख महोदय ।

सभामुख महोदय, अहिले तपाईं सभामुख महोदयलाई पनि यसको मार परेको होला? आम जनतालाई यसको मार परेको छ । बजारमा सर्वत्र महंगी छ । तपाईं जुनसुकै ठाउँमा जानुहोस् । जेसुकै कुरा किन्नुहोस । चाहे तरकारी किन्नुहोस्, चाहे फलफूल किन्नुहोस्, चाहे औषधी किन्नुहोस्, चाहे गाडी चढ्नुहोस्, चाहे तेल पेट्रोल ईन्धन किन्नुहोस् महंगी नबढेको केही पनि छैन । महंगीले डाँडा नाघिसक्यो, जनताको ढाड सेकिसक्यो, जनता थला परिसक्यो तर यो सरकार के गर्दैछ सभामुख महोदय ? अब यो सरकारलाई के गर्ने हो ? यो सरकार फेरी पनि र्याल काढेर, ङवार ङवार घुरेर फेरी पनि मंसिरमा गठवन्धन गरेर फेरी जनताको ढाटेर केरे कि बाँडफाँडमा अल्मलिएको छ ? यो भन्दा लाजमर्नु, यो भन्दा नालायकी, यो भन्दा कमजोरी कुरा के हुन्छ सभामुख महोदय ? जनताले यो कुरा राम्ररी बुझेका छन् । तर महंगीको विरुद्धमा जनता अब जागेका छन् ।

आज पनि देशभरि आन्दोलन उठेको छ । जनता उठेका छन । अब यो सरकारले सुन्छ कि सुन्दैन ? यो निद्रामा रहेको सरकार, यो बहिरो सरकार, यो अन्धो सरकार, यो कसैगरी पनि नउठ्ने सरकारको यो ६ महिना कसरी जनताले पारा लगाउने हो ? सभामुख महोदय मैले यिनै कुरा राख्दै मेरो भनाई यहीं अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री ओमकला गौतम, समय ८ मिनेट ।

**माननीय श्री ओमकला गौतम**

माननीय सभामुख महोदय, हाम्रो प्रदेश गण्डकीमा र देशको मुलुकैभरि समेत कोरोनाले थला पारेको अर्थतन्त्र, जनता घरभित्रै वन्दी भई भर्खरै मात्र जनजीवन सामान्य अवस्थामा आउन लागेको बेला, फेरी कोभिडको संक्रमण दर वृद्धि दिन प्रतिदिन बढ्दै छ । महंगीले दिन प्रतिदिन चुलो बल्न धौधौ हुने अवस्थामा जनता पुगेका छन् । कालाबजारी, चाडपर्व नजिकिदै गर्दा मौलाउने अवस्था सृजना हुँदैछ । यी सबै कुरालाई मध्यनजर गरी माननीय सभामुख मार्फत कोरोना भाइरस नियन्त्रणमा सरकार समयमानै सचेत भई जनजीवन प्रभावित हुन नदिई जीवन बचाउन बेलैमा तयारी अवस्थामा रहन माननीय सभामुख मार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

जुन महंगी वृद्धि कालाबजारी नियन्त्रण गर्न सरकारले अनुगमन गरी उपभोक्तालाई गुणस्तरीय सहज र सुलभ मूल्यमा खाद्यान्न र अन्य वस्तुहरु उपलव्ध गराउन माननीय सभामुख मार्फत म ध्यानाकर्षण गराउन चाहन्छु । अब पर्वहरु जति मौलाउँदै गए जति पर्वहरु हाम्रा नजिक आउँदैछन् त्यति कालाबजारी मौलाउने, मूल्य वृद्धि गर्ने, अखाद्य वस्तुहरु पनि जनताले किन्न वाध्य हुने अवस्था छ । यो सृजना हुन नदिन सरकारको ध्यान जाओस्, सरकार सचेत रहोस्, सरकारले अनुगमनलाई अगाडि बढाओस्, सरकारले जनतालाई राहत दिने खालका कार्यक्रम ल्याउन म माननीय सभामुख मार्फत सरकारको ध्यानार्षण गराउन चाहन्छु ।

माननीय सभामुख महोदय, राजश्व वृद्धिका विषयमा विरोधहरु सामाजिक सञ्जाल सभासम्म र चौतारीमा समेत कुरा उठ्ने गरेका छन् । विरोधका लागि विरोध मात्रै होइन, साँच्चिकै जनताहरु मारमा परेको हामीले पनि बुझेका छौं । जनताहरु मारमा परेका छन्, जग्गा रजिट्रेशन, अंशवण्डा, नामसारी र धितोवन्धकमा समेत अत्याधिक बढाइएको करबाट जनताहरु अब उकासिन सक्ने अवस्था छैन माननीय सभामुख महोदय । सरकारले सोचेर, बुझेर, अनुसन्धान गरेर वृद्धि गर्नुपर्ने आवस्था हो, किनभने अहिले मुलुकको अवस्था हेर्दा कोरोनाले थला पारेको, व्यवसायहरु पनि फस्टाउन नसकेको, बल्ल-बल्ल एउटा जनजीवन अलिकता सहज हुन लागेको बेलामा हामीले व्यवसायीहरुलाई पनि प्रोत्साहन गर्नुपर्छ । जग्गा खरिद विक्री गर्नेलाई पनि प्रोत्साहन गर्नु पर्ने बेला, हरेक कुरा

अर्थतन्त्रलाई चलायमान गराउनुपर्ने बेलामा झन् ठप्प हुने खालले वृद्धि भएका हरेक निकायका कर र यो रजिष्ट्रेशन कर तुरुन्तै पुर्नविचार गरी सरकारले यसलाई पुनः विचार गरियोस् र यसलाई फिर्ता गरियोस् भन्ने म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु, म माग समेत गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, महंगी वृद्धिका बावजुद उपभोक्ताहरुले योजनाहरु कार्यान्वयन गर्न जुन आफ्नो मापदण्ड अनुसार उपभोक्ताहरुले कार्यान्वयन गर्नुभो, योजनाहरु सम्पन्न गर्नुभो, यति महँगी थियो । अहिले उपभोक्ताहरुले पहिले पेश्की नपाउने । उपभोक्ताहरुले उधारो पसलबाट ल्याउनु पर्ने ।यस्को बावजुद पनि सम्पन्न भएका योजनाहरु २५ गतेभित्र त्यहाँ लिएर जाँदा सरवरले काम गरेन, इन्ट्रि गर्न नसक्दा बील भर्पाई लिएर सम्बन्धित कार्यालयमा गएर उपभोक्ताहरु बस्दाबस्दै बन्द भइसकेपछि अहिले उपभोक्ताहरु मारमा पर्नुभएको छ । विकास निर्माणमा सहजता अपनाउनका लागि विकास निर्माणका कुराहरुलाई अगाडि बढाउने उपभोक्ताहरु अहिले वास्तवमा भुक्तानि दिन नसक्दा उता पसलेहरु, व्यवासायीहरु मारमा परेका छन्, उपभोक्ताले भुक्तानि नदिएसम्म पसलेहरुले कहाँबाट पाउँछन् पैसा ? उता पसलेहरु, व्यवासायीहरु पसलेहरुलाई ,व्यवासायीहरुलाई मर्का परेको छ । अर्कोतिर उपभोक्तालाई पसलेले फोन गरेको गर्यै छ । अब त पासो लगाएर झुण्डिने अवस्थामा उपभोक्ता परेको छन् । सबैको उच्च आय हुँदैन । सबैले पैसा ऋण काढेर तिर्न सक्दैनन् । अत्यन्तै मारमा परेको अवस्थामा यहीं गरीमामय सदनमा पटक-पटक कुरा उठ्दा सरकारको ध्यान कता पुगेको छ ? माननीय सभामुख मार्फत तुरुन्तै यो समस्याको समाधान गर्न, सरकार सजग र सचित भएर लागोस् र तुरुन्तै निर्णय गरेर उपभोक्तालाई जुन परेको मर्का छ, त्यसलाई त्यो भुक्तानि निकाशा गरी त्यो सम्पन्न भएका योजनाहरु कार्यमूल्याङ्कननको आधारमा भुक्तानि गरी सहज वातावरण गराइयोस् भन्ने म सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहन्छु र माग समेत गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, सरकार जनताको संरक्षक र अभिभावक हो । जनताको अवस्था, व्यवसायको अवस्था विचारै नगरी कर राजश्वको दर बढाउनु जनतालाई झनै दयनिय अवस्थामा लानु हो । तसर्थ, गण्डकी प्रदेश सरकारले आफ्नो निर्णय सच्यावस्। अप्ठ्यारो अबस्थामा जनतालाई राहत दिन नसके पनि आहत दिन घातक हुनेछ । मैले

र मेरो पार्टी नेपाली काँग्रेसले समेत यसमा समर्थन गरेको गठवन्धनको सरकार म आग्रह गर्न चाहन्छु । यो सरकारलाई, यो सरकारले बुझोस्, ५ वटा गठवन्धन गरेर, यो दलमा रहँदा पटक-पटक प्रतिपक्षले उठाएको र म सत्तापक्षकै हो, हुन्छ र हुन्नमा मैले हुन्छ भनेकै हो । कुरा उठ्ला, मैले यो कुरा उठाइरहँदा आज तैले के हेरिस् भनेर प्रश्न उठ्न सक्छ, म जनताको प्रतिनिधि हो । सरकारले यो-यो मा कर वृद्धि गर्यो भनेर हामीलाई ब्रेकडाउन दिएको पनि थिएन । त्यसकारण हामीले बजेट पास गरेकै हो । बजेट पास नगर्दा सरकारनै संकटामा पर्थ्यो । सरकार संकटमा पर्नु भनेको फेरी मुलकमा तरलता आउनु हो । हिजोको सरकारले काम गरेन अथवा हिजो सरकार संचालनमा आफ्नै कारणबाट, विविध कारणले सरकार आज फेरी अर्को सरकारको नेतृत्व लिन पर्नु भनेको, यसको मतलव जनतालाई राहत दिने हो, आहत दिने होइन । हिजोको सरकारले गर्न नसकेको काम गर्ने हो नि यो सरकारले । हिजोको सरकारले काम गर्न सकेन अथवा हिजोको सरकार आफ्नै कारणबाट सरकार ढल्यो, हिजोको सरकार अल्पमतमा पर्यो, गठवन्धनद्वारा बहुमत पुर्याईयो । गठवन्धनको मतलब यो होइन आ-आफ्नो तालमा, आ-आफ्नो सुरमा चल्ने। गठवन्धनको मतलव यो हो कि एक ढिक्का भएर जनताको नाममा, जनताको आवश्यकतालाई क्षेत्रगत रुपमा स्थलगत अनुगमन गरेर परिपूर्ति गर्ने हो माननीय सभामुख महोदय । जनतालाई घातक हुने खालको निर्णय गर्ने अधिकार यो सरकारलाई छैन ।मैले यो सरकारलाई आग्रह गर्न चाहन्छु, अनुरोध गर्न चाहन्छु । जनता पक्षमा यो निर्णयलाई सच्याइयोस् । हरेक कुरामा वृद्धि भएका कुरालाई, अन्य प्रदेशको समेत हेरेर, अन्य प्रदेशसित समन्वय गरेर हो मुलुक चलाउन हरेक बजेट ल्याउनलाई करको पनि करको दायरा बढाउने कि दर बढाउने ? दायरा बढाओस् न। कुन-कुन दायरा बढाउन सकिन्छ, दायरा नबढाएर, दर बढाएर एकैचोटी ढाड सेक्ने खालको कार्य नगरियोस् यो मैले निवेदन गर्न चाहन्छु ।

अर्को कुरा माननीय सभामुख महोदय, निर्वाचन क्षेत्र पूर्वाधारको विषयमा यहाँ पटक-पटक उठ्यो । माननीय अर्थमन्त्रीज्यूले माननीय सभामुख मार्फत, म अनुरोध गर्न चाहन्छु । रोष्टमबाट पनि त्यो कार्यक्रम छ भन्नुभाको छ । १ निर्वाचन क्षेत्र १ कृषि सडकका कुरा पनि आका छन् । त्यो कहिले हो अब कार्यान्वयन हुने ? खोई त्यो कहिले आउने त्यो कार्यक्रम ? कार्यक्रम आउने हो भने यो-यो कार्यविधि सहित यसरी

आयो भनेर अब आउनुपर्यो । अब निर्वाचन घोषणा भइसक्यो । आचारसंहिता लागु हुन्छ होला । होला मंसिर पछिको सरकारले ल्याउला कि त्यही भनेर बस्नुपर्यो। कि कार्यक्रम ल्याइन भन्नुपर्यो । यसको पनि आज जवाफ चाहिन्छ माननीय सभामुख महोदय । कार्यक्रम छ भने कार्यक्रम छ यसरी आउँछ अब आयो भनेर ग्यारेण्टी हुनुपर्यो र आउनुपर्यो छिटो बेलामा, छैन भने यो-यो कारणले ल्याउन सकिएन भनेर यो गरीमामय सभालाई गुमराहमा राख्नुभएन सम्माननिय सभामुख महोदय, स्पष्ट पार्नुपर्यो। मैले यिनै भनाई राख्दै मेरो भनाई अन्त्य गर्न चाहन्छु । धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री खिमविक्रम शाही, समय ५ मिनेट ।

**माननीय खिमविक्रम शाही**

माननीय सभामुखज्यू, यहीँ साउनको २२ गतेको बाढीले वाग्लुङ्ग जिल्ला ढोरपाटन न.पा. वडा न. ७ दोबाटेघाट आसपासमा खोलाले क्षति पुर्याएको छ । स्थानीय वासिन्दा सुरेन्द्र पुनज्यूको कोइलर , ब्रोइलर, लोकल कुखुरा फर्म, कालिज फर्म, त्यहाँ भएको सम्पूर्ण सामग्रीहरु बाढीले बगाएर करिव उहाँको भनाई अनुसार करिव ४५ लाख करिव क्षति भएको छ । त्यस वरपरको वस्ती जोखिममा परेको छ । गाडी खोला जाने झोलुङ्गे पुल पनि जोखिममा परेको छ र त्यहाँतिर आवत-जावत गर्ने बाटो अवरुद्ध भएको छ । फेरी गए राति करिव ८:३० बजेको समयमा त्यहीँ नजिक ढोरपाटन न.पा. ५ साहुथोकमा पहिरो खस्दा करिव आधी घण्टा जति भुजीखोला थुनिएको छ, थुनिएर गएको छ र त्यसले गर्दा बुर्तिबाङ ढोरपाटन सडक आवत-जावत बन्द भएको छ । त्यसकारण क्षति भएका सुरेन्द्र पुनलाई तत्काल राहत क्षतिपूर्ति दिनुहुन र अवरुद्ध भएको सडक खुलाउन सम्बन्धित निकाय तथा गण्डकी प्रदेश सरकारसँग म अनुरोध गर्दछु ।

सभामुखज्यू, गण्डकी प्रदेश सरकारले ल्याएको आर्थिक ऐनको कर जरिवाना सम्बन्धी बुँदामा अस्पष्टताका कारण यातायात व्यवस्था कार्यालय कास्कीले चर्को रकम उठाउने गरेको थियो । त्यस्तै गरेर मालपोत दस्तुरमा बैंक रोक्का दस्तुर, नामसारी दस्तुरमा पनि अस्वभाविक रुपमा कर वृद्धि गरी यातायात व्यवासायी व्यक्ति तथा जनताहरुलाई अति मर्कामा परेको छ । त्यसको सञ्चारकर्मीहरु, नागरिक समाज लगायतले विरोध

गरेपछि विज्ञप्ति मार्फत करमा हेरफेर गरियो गरेको वा मिलाइएको भनियो । यदि त्यो बाहिरबाट अथवा सञ्चार माध्यमबाट विरोध नभएको भए सम्भवत त्यो विज्ञप्ति आउने थिएन कि ? यसमा जनचासो व्यापक भएको छ । यसकारण सरकारको समयमा ध्यान जान जरुरी छ, जावस् र हामीले यस सदन मार्फत समस्या उठाएको उठाई गर्ने र सरकारले नसुनेको नसुन्यै गर्ने, सुनेको जस्तो लागेको छैन ।

०७७ सालमा पनि त्यो भुजी खोलामा ठूलो क्षति गर्यो, त्यही ठाउँमा जुन, आज, हिजो अस्ति २२ गते देखि गएर त्यो झोलुङ्गे पुललाई शुद्ध क्षति बनाएको छ र तटवन्ध गरौं भनेर हामीले आवाज उठाएको उठायैं गरेका थियौं तर त्यो तटवन्धमा नाउमा कुनैपनि योजना त्यहाँ पारिएन, गरिएन । त्यसकारण फेरी अर्को त्यो खोलाले अर्को मोड लिएर अब वस्तीलाई ध्वस्त पार्न लागेको छ । त्यसकारणले गर्दा ती त्यस्ता ठाउँहरुमा तत्काल त्यो बाटोलाई खोल्नका लागि, अवरोधलाई हटाउनको लागि, वस्तीलाई, जनतालाई आवत-जावत गर्नको लागि व्यवस्था मिलाईयोस् र अर्को कुरा त्यो ठाउँमा भुजी खोलामा अहिले बाढीले गर्दा विद्युत छैन । त्यसकारणले त्यहाँको वस्तीहरु एकदम अँध्यारोमा बस्नु परेको छ । त्यसकारणले त्यसको पनि व्यवस्था मिलाइयोस् भन्ने अनुरोध गर्दै मेरो भनाई अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री राजिव पाहारी, समय १२ मिनेट ।

**माननीय राजिव पाहारी**

माननीय सभामुख महोदय, के सत्ता पक्ष, के प्रति पक्ष, के दाहिने बस्ने, के देब्रे बस्ने? सबै माननीयहरुको शब्द चयन फरक होला, सबैको एउटै आशय र स्वर छ । वर्तमान गठवन्धन सरकारका जनतालाई ४ वटा उपहार । ढाड सेक्ने गरी कर, मूल्य वृद्धि कुशासन र जताततै व्यथिति र भ्रष्टचार । अहिलेको सरकारले यी कार्यहरु गरिरहेको छ । आज मात्र देशभरका ७७ वटै जिल्लाका सदरमुकामहरुमा, सडकहरुमा स्वतः स्फूर्त रुपमा जनता, के विद्यार्थी, के महिला, के बुद्धिजीवि, के भूमिहीन, के यूवा, सडकमा उत्रिरहेका छन । र ती जनताहरुले भनिरहेका छन्, अनावश्यक रुपमा जनतालाई कर थुपार्न पाईदैन । जनतामारा गठवन्धन सरकार चाहिँदैन भनेर नारा लगाइरहेका छन् ।

माननीय सभामुख महोदय, सरकार कहाँ छ ? सरकार जनताको ढाड सेक्ने गरी कर बढाउने ठाउँमा छ । मूल्य वृद्धि बढाउने ठाउँमा छ । भ्रष्टाचार गर्ने ठाउँमा छ । कालाबजारीया गर्ने ठाउँमा छ । त्यसलाई नियन्त्रण गर्ने कुरामा छैन । मूल्यवृद्धिले जनताको ढाड सेकिएको छ । जनता थला परेका छन् । मूल्य वृद्धि नियन्त्रण गर्न न योजना छ, न कार्यक्रम छ । उल्टै थला परेका जनताको आलो घाउमा नुनचुक दल्ने गरेर हरेक क्षेत्रमा अत्यधिक कर बढाउने कुरामा सरकार उद्दत छ ।

माननीय सभामुख महोदय, पटक-पटक यो जनताको सम्मानित ठाउँ, यो प्रदेश सभामा माननीयहरुले कुरा उठाइरहनु भएको छ । तर केलाई के सुनाए जस्तो नहोस् । म सरकारको गम्भिरतापूर्वक ध्यानाकृष्ट गराउन चाहन्छु । जनता रोग, भोक र शोकसँग जुधिरहेको बेला, लडिरहेको बेला जनताको अवस्था भनेको कुप्रो मान्छे उठिबस न बसिउठको अवस्था बाट गुज्रिरहेको बेला, सरकारले जनताका कार्यक्रम ल्याउनुको सट्टा उल्टै जनताको ढाड सेक्ने गरी घरजग्गा, रजिष्ट्रेशन लगायतका अन्य विभिन्न शीर्षकमा अत्यधिक कर वृद्धि गर्ने काम गरेको छ । यस्तो जनघाती निर्णयको म घोर भर्सना गर्न चाहन्छु र यो निर्णय अविलम्व फिर्ता लिनको निम्ति म सरकारसँग जोडदार माग गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, अघिल्लो आ.व. मा ३ पुस्ताको बाहिरको नामसारी गर्दा म.न.पा. वासीले नामसारी सेवाशुल्क ३ हजार ५ सय तिर्नुपर्थ्यो तर नयाँ आर्थिक ऐनमा समावेश भए बमोजिम नामसारी सेवा शुल्क १५ हजार पुर्याएको छ जुन अघिल्लो आ.व. भन्दा ३२८.५७ प्रतिशत बढी छ । बाउबाजेको घरजग्गा नामसारी गर्ने सेवा शुल्कमा पनि भारी वृद्धि गरिएको छ । बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नाममा बैंक वित्तीय संघ वा सहकारी संस्थाले आफ्नो नाउँमा दाखिल गर्दा महानगरवासी वा अन्य जनताले सेवा शुल्क वापत १५ हजार बुझाउनुपर्छ । जब कि अघिल्लो वर्ष जम्मा ७ हजार बुझाउनु पर्थ्यो । आर्थिक ऐनले नामसारी मात्र नभई अन्य विभिन्न कार्यमा पनि शुल्क वृद्धि गरेको छ । शेषपछिको वकपत्रको लिखत धितोपत्र रोक्का कारोवारमा पनि अस्वभाविक वृद्धि गरेको छ । सरकारले कर त्यहाँ लिने हो जहाँ आर्थिक कारोवार

हुन्छ तर यहाँ त कारोवारै नभएको ठाउँमा, नहुने ठाउँमा पनि कर बढाएको कुरा आइरहेको छ । म यसप्रति सरकारको गम्भिर रुपमा ध्यानाकृष्ट गर्न चाहन्छु ।

सवारी करमा पनि भारी वृद्धि गरेको कुरा छ । अहिले त सरकार कस्तो भयो भने अघि माननीय पूर्ववक्ता माननीयज्यूले भनिसके जस्तै यो सरकारको नाम कर सरकार भएको छ । जनताले भन्न भ्याएका छन्, मन्त्रीको नाम त कर प्रसाद नामाकरण गरिरहेका छन् जनताले । तर यी र यस्ता सरकारका प्रदेश सरकारका गण्डकी प्रदेश सरकारका गतिविधि र क्रियाकलापले गर्दा प्रदेश संरचना नै काम छैन, खारेज गर्नुपर्छ भनेर सामाजिक सञ्जालमा जनताहरुले प्रश्न उठाउन थालेका छन् । के गठवन्धन सरकार चलाउने तरिका यहीँ हो ? यहीँ चलाउनको निम्ति यो गठवन्धन बनेको हो ? जनताको ढाड सेकेर पैँसा उठाउने र वदनामी कमाउने कि यसमा पुनर्विचार गर्ने ? म सरकारको गम्भिरतापूर्वक ध्यानाकृष्ट गराउन चाहन्छु ।

यातायातको सन्दर्भमा मन्त्रालय स्तरबाटै यातायातको नविकरण लगायतका अन्य जरिवाना घटाउने भनेर सच्याएको भन्ने कुरा सुन्नमा आएको छ । यातायात व्यवसायी समस्या समाधान गर्ने भनेर समझदारी गरेको कुरा सुन्नमा आएको छ । यी सबै बारे यथार्थ के हो ? सदनमा जानकारी गराउन र समस्या विधिपूर्वक संसदीय प्रकृयाबाट एकमुष्ट वैधानिक ढंगबाट खोज्न र यी उठेका र यस्तै उठ्न सक्ने सम्भावित समस्या र समाधान बारे सुझाव दिनको निम्ति यो संसदबाट एक अधिकार सम्पन्न संसदीय समिति गठन गर्नको निम्ति म सभामुखलाई जोडदार अनुरोध गर्न चाहन्छु । माग गर्न चाहन्छु । किनकि यो प्रदेशमा सरकार छ भन्ने कुरो कुनै पनि कोणबाट अनुभूति भएन त्यसो भएर यी सबै कुराको अनुगमन गर्नको निमित एउटा संसदीय समितिको आवश्यक भएको छ ।

माननीय सभामुख महोदय, यस प्रदेश र देशकै गौरवको आयोजना जुन पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पौष १७ गते देखी संचालन गर्ने भन्ने कुरा नागरिक उड्डयन प्राधिकरणले घोषणा गरेको छ । तर अहिले पनि ल्याण्डफिल्ड साईड रनवे २५ सय मिटर बाट ३ हजार बनाउनु पर्ने चुनौति र विदेशी एयर लाइन्स कम्पनीसगँ पहल गर्नुपर्ने कार्य बाँकी नै छ । त्यसका लागि प्रदेश सरकारले के पहल गरिरहेको छ? पहिले बनेको

मुख्यमन्त्रीज्यूको संयोजकत्वको सहकरीकरण समितिले के गर्दैछ ? यो बिचमा के-के पहल गर्यो ? त्यस सम्बन्धमा सदन जानकारी गराइयोस् । के नयाँ एयरपोर्टबाट डोमेष्टिक फ्लाइट मात्र सुरु गरेर एयरपोर्ट संचालनमा आयो भनेर पोखरेलीलाई वा गण्डकी प्रदेशका जनतालाई वेकुफ बनाउन खोजिएको त होइन ? यसबारेमा के कस्ता प्रयास भएका छन् ? सदनलाई यथार्थ कुरा जानकारी गरियोस्। साथै यी समस्या समाधान र त्यहाँका स्थानीय बाटो, कुलो, भलबाढी र अधिकरण समस्या बारे सुनुवाई गरी सामाधान गर्न मुख्यमन्त्रीज्यूको संयोजकत्वमा पुरानो समिति क्रियाशील छ भने सो समितिलाई थप क्रियाशील बनाई ती कार्यहरु अगाडि बढाउन र ती सबै कामको अनुगमन गर्नको निम्ति यो संसदबाट सर्वपक्षीय समिति बनाउनको निम्ति पनि म जोडदार माग गर्न चाहन्छु ।

त्यस्तै यहाँ माननीय मन्त्रीज्यूले यहाँ मञ्चबाट कोडियमबाट घोषणा गरिदिनु भयो, निर्वाचन पूर्वाधार कार्यक्रम राखिएको छ । यो कृषि सडकको बारेमा १ निर्वाचन क्षेत्र १ कृषि सडकको बारेमा त्यसलाई अगाडि बढाइन्छ भनेर भनिएको छ तर त्यसको कार्यक्रम कहिले बनाउने ? त्यसलाई कहिले प्रक्रियामा अगाडि बढाउने ? जबकी असोज २३ गते त उम्मेदवारहरुको नोमिनेसन छ । मंसिर ४ गते निर्वाचन हुँदैछ । हामी निर्वाचनको मुखमै छौं । त्यसो भएर यसलाई जे गर्नुछ छिटो गर्नको निम्ति पनि म सरकारको ध्यानाकृष्ट गर्न चाहन्छु ।

अर्को कुरा स्वास्थ्य मन्त्रालयले, संघको स्वास्थ्य मन्त्रालयले कोरोना महामारीको चौंथो लहर नेपालमा अझै १ महिना रहने निष्कर्ष गरेको छ । हालै गरेको एक अध्ययनले ३ हप्ता सम्म संक्रमण बढ्दै जाने त्यसपछि उच्च विन्दुमा केही समय स्थिर रहने र भदौको अन्तिम साताबाट मात्र संक्रमण घट्दै जाने देखाएको छ । चौथो लहरमा दैनिक ८ हजार जनासम्म संक्रमित हुनसक्ने अनुमान विज्ञहरुले गरेका छन् । नेपालबाट कोराना संक्रमणमा मृत्यु हुने ७५ प्रतिशत भन्दा बढीले खोप नलगाएको पाइएको छ । मानिसले खोप नलगाएको वा जनस्वास्थ्यको मापदण्ड पालना नगरेको कारणले संक्रण दर बढ्दै गएको अवस्था नि छ ।

मन्त्रालयको पछिल्लो विवरण अनुसार ७३ लाख ५१ हजार ६९५ जनाले मात्र बुस्टर डोज लगाएका छन् । मन्त्रालयले खोप नलगाएकाहरु उच्च जोखिममा रहेकोले आफ्नो नजिकको स्वास्थ्य सेवामा सम्पर्क गरेर आवश्यकता अनुसार कोरोना खोप लगाउन अपिल समेत गरेको छ । हिजो मात्रै संक्रमणबाट २ जनाको मृत्यु भएको छ । हालसम्म नेपालमा ११,९७४ जना कोरोना संक्रमणबाट मृत्यु भइसकेको छ । त्यस्तै हालसम्म अहिले ६१ जना आइसियु र ७ जना संक्रमित भेन्टिलेटरमा उपचारार्थ छन् । चैतमा शून्यमा रहेको संक्रमण दर हाल १७ प्रतिशतमा पुगेको छ। तसर्थ २,३ हप्ता उत्कर्षमा पुग्ने अनुमान विज्ञहरुले गरिरहेको बेला हाम्रो गण्डकी प्रदेश सरकारको तयारी के छ ? विभागीय मन्त्रालयको तयारी के छ ? अहिले जनताले सहज रुपमा पि.सि.आर गर्न नपाएको कुरा आइरहेको छ । यथार्थ के हो ? अस्पतालहरुमा वेड र आइसियू, अक्सिजनको पर्याप्त उपलब्धताको अवस्था के कस्तो छ ? प्रदेशवासीलाई चौथो लहरबाट बचाउन र स्वास्थ्य मापदण्ड बारे फेरी आह्वान गर्न के-कस्ता सञ्चार र जनचेतनामूलक कार्यक्रम संचालन गरिएको छ ? यसको बारेमा यो सम्मानित सभामा विभागीय मन्त्रीज्यूबाट सदनलाई जानकारी गराउनको निम्ति म जोडदार माग गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, मैले सुरुमै पनि निवेदन गरिसकें । मूल्य वृद्धिले अहिले सगरमाथाको उचाईलाई पनि होचो बनाइरहेको छ र अहिले हामी चाडपर्वको सम्मुखमा छौं । अहिले कालाबजारीया गर्ने प्रविधि व्यापक रुपमा बढेको छ । त्यसको रोकथामको निम्ति, नियन्त्रणको निम्ति सरकारसँग, विभागीय मन्त्रीसँग मन्त्रालयसँग के कस्ता खालका योजनाहरु छन् ? यो बारेमा पनि म सरकारको गम्भिरतापूर्वक ध्यानाकृष्ट गराउन चाहन्छु ।

माननीय सभामुख महोदय, अहिले पोखरा र गण्डकी प्रदेशमै प्राकृतिक स्रोत साधनमाथि व्यापक रुपमा दोहन भइरहेको छ । अतिक्रमण भइरहेको छ । अहिले सार्वजनिक जग्गाहरुलाई अतिक्रमण गर्ने क्रम व्यापक रुपमा बढेको छ । यसको रोकथाम निम्ति नियन्त्रणको निम्ति सरकारले के कस्ता खालका प्रभावकारी योजनाहरु बनाएको छ ? आज तपाई हामीले ७ दशक सम्म नेपाली जनताले लडेर ल्याएको आन्दोलनबाट प्राप्त भएको उपलव्धि जुन संघीयता छ । संघीय लोकतान्त्रिक गणतन्त्र यो माथि नै काला

बादल मडार्रिहेका छन् । यो कसको कारणले यस्तो भइरहेको छ ? सरकारको कारणले, सरकारका क्रियाकलापहरुको कारणले, सरकारका गतिविधिहरुको कारणले भको छ । सरकार त जनताको रक्षक हुनुपर्ने होइन ? सरकार त जनताको अभिभावक हुनुपर्ने होइन तर सरकारका गतिबिधि के भका छन् ? प्रदेश चलाउनको निम्ति कर बढाउनु पर्यो भन्ने ढंगका उत्तरहरु आएका छन् । जनताहरुलाई पहिला जोगाउने कि नजोगाउने ? जनतालाई पहिला बचाउने कि नबचाउने ? पहिला जनताको संरक्षण गर्ने कि नगर्ने ? त्यो तर्फ कुनै मतलब छैन। तर अनुत्पादक कामहरुमा अनुत्पादक क्षेत्रहरुमा रकम खर्च गर्नको निम्ति ढाड सेक्ने गरेर जनताबाट कर उठाउने, ३ सय ४ सय प्रतिशतसम्म कर उठाउने र त्यो करबाट उठेको रकमबाट फेरी अनुत्पादक क्षेत्रमा खर्च गर्ने जुन काम सरकारले गरिरहेको छ, यसले गर्दा गण्डकी प्रदेश सरकारका गतिविधि र क्रियाकलापले गर्दाखेरी आज सिंगो संघीयता माथि गम्भिरतापूर्वक प्रश्न चिन्ह उठिरको छ । यो के मरी होइन के पल्क्यो भन्ने हो ।

त्यसोभर म गण्डकी प्रदेश सरकारको गम्भिरतापूर्वक ध्यानाकृष्ट गराउन चाहन्छु, माननीय सभामुख महोदय मार्फत । माननीय मुख्यमन्त्रीको सिंगो सरकारको गम्भिरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । तपाईंहरुका क्रियाकलापका कारणले, तपाईंहरुका गतिविधिका कारणले सरकारको असक्षमताको कारणले सिंगो व्यवस्था माथि जुन काला बादल मडारिएको छ, त्यो नहोस् र यी कामहरु प्रति म सरकारको गम्भिरतापूर्वक ध्यानाकृष्ट गराउन चाहन्छु र **(माननीय सदस्य समय सिद्धियो)** यी के कुराहरु राख्नुपर्छ । यसको आवश्यक संवोधन होस् भनेर सरकारको ध्यानाकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री सरीता गुरुङ्ग, समय ७ मिनेट ।

**माननीय सरीता गुरुङ्ग**

माननीय सभामुखज्यू, आ.व. ०७८/७९ को निर्वाचन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत कार्यक्रम सम्पन्न भइसक्यो, तर यो अहिलेसम्म उपभोक्ताले भुक्तानि पाएको छैन । विकास गयो भनेर गाउँमा युवाहरु सबै उत्साहित भएको थियो । जनताहरु उत्साहित

भएको थियो र सानो योजनाको सानै मान्छे भनुँन भर्खर युवाहरु, उपभोक्ता समितिको अध्यक्ष हुनुहुन्छ । तर त्यति भइराख्दाखेरि समयमा योजना भ्याइसक्दा पनि भुक्तानि नगरिदिनाले अहिले युवाहरु र उपभोक्ता समितिको अध्यक्ष एउटा डिप्रेसनको अवस्थामा पुगेको छ । गाउँ छोडेर भाग्नुपर्ने अवस्था छ । लुकिछिपी बस्नपरेको अवस्था छ । मलाई लाग्छ यो किन मैले बुझेन । कार्यक्रममा, योजनाहरुमा उपभोक्ता, ठेकेदार भाग्यो भन्नि कुरा त मैले सुनेको छ, तर काम सम्पन्न भएको ठाउँमा ठेकेदारले भुक्तानि पाएन भन्न आएको छैन । तर यो निर्वाचनमा जो उपभोक्ताले गरेको छ, त्यो योजनाहरुको अहिलेसम्म समयमै योजना सम्पन्न भइसक्दा पनि भुक्तानि पाएको छैन । यो कुरा प्रदेश सरकारलाई पटक-पटक भनिएको थियो। तैपनि अहिले साउनको तेस्रो हप्ता, चौथो हप्ता लागिसक्यो र अझ पनि यो भदौ, असोज लाग्छ भनेर कार्यालयमा सम्बन्धित कार्यालयमा सम्पर्क गर्दा उपभोक्ताहरुलाई अझै निराश बनाएर पठाएको छ । यती कि उपभोक्ताहरु अब घरमा आमाबुवाले पनि धपाउने, श्रीमती, बालबच्चालाई पनि त्यस्तै, आफू काम गरेर खान छ, यता साहुले कराएको छ । त्यो भएको कारणले गर्दा, यसले अहिले सामाजिक सञ्जालमा छ्यापछ्याप्ती निस्किसकेको छ । प्रदेश सरकारको काम छैन, प्रदेश सरकारले यो समयमा उपभोक्त नगर्नाले, अब प्रदेश सरकारको योजनालाई हामीले लिने कि नलिने? ल भनो साथी हो, भन्ने धेरै सामाजिक सञ्जालमा यस्तो कुरा प्रकाशित भइरहेको छ । त्यसैले म प्रदेश सरकारले यो अहिले यो टेक्नोलोजिको बेलामा यस्तो कुराहरु हेरेको छ कि छैन ? उहाँ उहाँको ध्यान पुगेको छ कि छैन ? यदि यसलाई छिटो समयमा बोलाएर तत्काल माननीय सभामुख मार्फत यो प्रदेश सरकारलाई तत्काल भुक्तानि गरिदिनु हुन अनुरोध गर्दछु । धन्यवाद। जय नेपाल ।

**माननीय सभामुख श्री नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरु, विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीँ समाप्त हुन्छ ।माननीय सदस्यहरु, उत्तरको पालो छ । माननीय सदस्यहरु, अब म माननीय भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्री तथा गरिबी निवारण मन्त्री श्री चन्द्रबहादुर बुढालाई विभिन्न मितिका सभाको बैठकमा माननीय सदस्यहरुले शून्य र विशेष समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय चन्द्रबहादुर बुढा**

माननीय सभामुखज्यू, सम्मानित सदनमा भूमि, व्यवस्था कृषिसहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित रहेर विभिन्न समयमा उठान भएका विषयवस्तु तथा सवाल प्रति मन्त्रालयको धारणा राख्न चाहन्छु । सर्वप्रथम त, यस सम्मानित सदनमा माननीयज्यूहरुले मन्त्रालयको कार्यक्षेत्र, जिम्मेवारी प्रति संवेदनशील भएर चासो चिन्ता व्यक्त गर्नुभएकोमा म आभार पनि व्यक्त गर्न चाहन्छु । के कुरा म यहाँ जानकारी गराउन चाहन्छु भने, प्रदेश सरकारको सोच मन्त्रालयको कार्य जिम्मेवारी, कार्यसोच, प्रदेशको प्रथम पञ्चवर्षिय योजना, दीगो विकासको लक्ष्य, कृषि विकास रणनीतिक जस्ता महत्वपूर्ण विषयमा केन्द्रित हुँदै सीमित स्रोत साधनको बावजुद पनि चालु आ.व. मा योजना कार्यक्रमहरु र बजेट व्यवस्था गरेको म सदनमा जानकारी गराउन चाहन्छु।

माननीय सभामुख महोदय, सदनमा शून्य र विशेष समयमा माननीयज्यूहरुबाट विषयवस्तु राख्दा हाम्रो अपेक्षा के रहने गर्छ भने विगतको वर्षका प्रवृत्तिहरुको कुरा र आगामी वर्ष व्यवस्था गरेका कार्यक्रम र बजेटको कुरा र आगामी वर्ष कार्यान्वयनको पक्षलाई कसरी प्रभावकारी गराउन सकिन्छ भन्ने विषयमा अलि केन्द्रित हुनुपर्छ जस्तो मलाई अनुभूति भएको छ । यद्यपि, तात्कालिन विषयहरुमा मात्र यहाँहरुले आफ्ना जिज्ञासाहरु, चासो, चिन्ताहरु व्यक्त गर्नुभएको छ । म त्यसैमा मात्र सीमित भएर आफ्नो विषयवस्तु राख्न चाहन्छु ।

माननीय सभामुख महोदय, पहिलो कुरा उठेको थियो घुम्ती गोठ सम्बन्धमा, घुम्ती गोठको प्रभावकारी व्यवस्थापन हुन नसक्दा, उच्च पहाडी र हिमाली भेगमा भेंडा, बाख्रा लगायत पशुपालनमा आएको समस्याको समाधानको लागि चालु आ.व. को कार्यक्रममा चरण खर्क सुधार, घुम्ती गोठ व्यवस्थापन, समुदाय स्तरमा भेला प्रबर्धन कार्यक्रम, पशुपंक्षी स्रोत केन्द्र स्थापना जस्ता कार्यक्रमहरुको बजेटको व्यवस्था गरेको म सम्मानित सदनमा जानकारी गराउन चाहन्छु । यी कार्यक्रमहरु प्रक्रियागत ढंगले जिल्लास्थित विज्ञ केन्द्रहरुबाट उपरोक्त कार्यक्रमहरु कार्यान्वयन हुने व्यहोरा जानकारी गर्दछु ।

अर्को उठेको थियो अविरल वर्षा बाढीपहिरोको कारण विभिन्न बालीविरुवा र पशुधनमा भएको क्षति सम्बन्धमा । बाली, पशुपंक्षी तथा मत्स्य, धन क्षति भएको ३५ दिन भित्र सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र तथा विज्ञ केन्द्रमा क्षतिको विवरण खुलाई भौतिक संरचना क्षति भएको सन्दर्भमा सर्जमिन मुचुल्का सहित प्रहरी कार्यालयको सिफारिसको आधारमा क्षति प्रभावित कृषकले निवेदन दिने । र सम्बन्धित कृषि ज्ञान केन्द्र र विज्ञ केन्द्रले प्राविधिक अनुगमन पश्चात सिफारिस गरेको क्षतिको प्रतिवेदनको आधारमा कृषि विकास निर्देशनालय र पशुपंक्षी विकास निर्देशनालयबाट क्षतिको उचित राहत तथा पुर्नस्थापना सहयोग प्रदान गरिने व्यहोरा म जानकारी गर्न चाहन्छु ।

हालसालै उठेको जलजला-७ धाइरिङ्ग र ढोरपाटन-५, बाग्लुङको कुरा जुन उठेको छ, त्यो सम्बन्धित प्रकृयामा आउन म विशेष अनुरोध गर्न चाहन्छु । अहिले विशेष त मनसुनको सिजन भएका कारण जिल्लास्थित कृषि ज्ञान केन्द्र, विज्ञकेन्द्र मार्फत स्रोतको विवरण संकलन गर्ने कार्य भइरहेको छ । र अघि भनिए जस्तै तवरले प्रक्रिया अघि बढेमा मन्त्रालयले उचित राहत तथा पुर्नस्थापना सहयोग कार्यक्रम संचालन गर्ने आवश्यक बजेट व्यवस्था गरिएको म जानकारी गराउन चाहन्छु ।

अर्को छ, रासायनिक मल समबन्धमा । रासायनिक मल विशेषतः युरीया डि.ए.पीको आपूर्ति विषयमा यस सम्मानित सदनमा अघिल्लो पटक जाँच दिने क्रममा राखिएको स्मरण गर्दै रासायनिक मल व्यवस्थापन सम्बन्धमा संघ सरकार नै मूल जिम्मेवारी रही कार्य गर्दै आएको छ । कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेनिङ कर्पेरेशन मार्फत ठेक्का प्रक्रियाद्वारा मल खरिद गरिने व्यवस्था गरिएको छ । अतः गण्डकी प्रदेशले रासायनिक मल खरिद गर्ने नभई प्रदेशगत प्राप्त कोटालाई मागको आधारमा स्थानीय तहमा बाँडफाँड गर्ने जिम्मेवारी प्रदेश मल वितरण व्यवस्थापन समितिलाई रहेको हुँदा, गत आ.व. मा यस प्रदेशको लागि छुट्याइएको कोटा सबै परिणाम कृषि सामग्री कम्पनी लि. र साल्ट ट्रेडिङ कर्पोरेशनबाट विक्री वितरण भइसकेको र वफरस्टक बाट गण्डकी प्रदेशको लागि साल्ट टेनिङ कर्पोरेशनबाट प्राप्त भएको यूरीया र डि.ए.पी समेत जिल्लागत रुपमा बाँडफाँड गरिएको हुनाले मलको वितरण विक्री वितरण एकाध स्थान बाहेक सहज रुपमा भइरहेको म जानकारी गर्न चाहन्छु । मलको सन्दर्भमा, यो कालाबजारी तथा अनियमितताका कुराहरु पनि उठेको थियो । यसको नियमनको पक्षको सन्दर्भमा

हाम्रो प्रदेश सरकारलाई त्यस्तो अधिकार छैन । त्यो क्षेत्राधिकार नपर्ने भएको हुनाले सम्बन्धित अधिकार प्राप्त जिल्ला प्रशासन कार्यालय नै जवाफदेही हुने हुनाले, सम्बन्धित जि.प्र.का. सँग समन्वय गर्न पनि म विशेष रुपमा यसमा राख्न चाहन्छु ।

माननीय सभामुख महोदय, प्रदेश सरकारको सोच अनुरुप भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई आफ्नो कार्यदिशा उन्मुख गर्न मद्दत गर्ने हेतुले प्रदान भएका सकारात्मक सुझाव, प्रतिक्रिया, सहयोग र सद्भाव प्रकट गर्नुहुने सबै माननीयज्यूहरुलाई विशेष धन्यवाद दिँदै मन्त्रालयगत आगामी दिनमा संचालन हुने सबै कार्यक्रम कार्यान्वयनमा यहाँहरुको निरन्तर रचनात्मक सहयोग हुने अपेक्षा समेत राख्दै बिदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री मधु अधिकारी गुरुङ्गलाई विभिन्न मितिका सभाको बैठकमा माननीय सदस्यहरुले शून्य र विशेष समयमा उठाउनु भएको प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय मन्त्री मधु अधिकारी गुरुङ्ग**

माननीय सभामुख महोदय, यस गरीमामय सभामा माननीयज्यूहरुले विशेष र शून्य समयमा स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउनका साथै सेवाको पहुँच वृद्धि गराउन, प्रदेशवासीको स्वास्थ्य सुरक्षाप्रति जवाफदेही बनाउन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रति जिज्ञासा एवं सल्लाह सुझाव राख्नुभएकोमा सम्पूर्ण माननीयज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । स्वास्थ्य सेवालाई निःशुल्क तथा प्रभावकारी बनाउनका लागि स्वास्थ्य बिमा मार्फत नेपाल सरकारले अति गरिबपूर्ण अपाङ्गता भएका नागरिक, औषधी प्रतिरोधी टिभीका बिरामी, जेष्ठ नागरिक, त्यस्तै गण्डकी प्रदेश सरकारले आ.व. ०७८/७९ बाट जनयुद्ध, मधेश आन्दोलन, थरुहट आन्दोलनका, जनआन्दोलन, द्धन्द पीडित तथा (ख) वर्गका अपाङ्गता भएका, घाइते सहिद परिवार, बेपत्ता परिवार, व्यक्ति र अस्पतालमा नियमित डाइलोसिस सेवा लिने मृगौला पीडितहरुको निःशुल्क रुपमा स्वास्थ्य बिमा गरेको छ । स्वास्थ्य बिमाको क्षेत्रलाई क्रमशः बिस्तार गरिदै लगिने छ ।

त्यसै गरेर माननीयज्यूहरुले स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरको सन्दर्भमा उपचारको अवस्था के भइराखेको छ भनेर जिज्ञासा राख्नुभएको थियो । महिलाहरुको स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर तथा महिला प्रजनन अङ्गमा अङ्गको क्यान्सर उपचारको लागि प्रदेश सरकारले प्रति बिरामी ५० हजार रुपैयाँ उपलव्ध गराउने गरी विपि कोइराला क्यान्सर अस्पताल भरतपुरसँग मिति २०७८ फागनु १८ गते सम्झौता भई सेवा सुरुवात गरिसकेको छ। साथै चालु आ.व. ०७९/८० मा महिला तथा १६ वर्ष मुनिका बालबालिकाहरुमा हुने सबै प्रकारका क्यान्सर रोगको निःशुल्क उपचार गर्ने व्यवस्था मिलाइएको समेत माननीय सभामुख मार्फत गरीमामय सदनमा अवगत गराउँदछु ।

यस गरीमामय सदनमा हाम्रो गण्डकी प्रदेशमा कतिजना कोभिडबाट मृत्यु हुनुभएको छ र कतिजना मृतकका परिवारले राहत प्राप्त गर्नुभएको छ भनेर जिज्ञासा राख्नुभएको थियो । यस प्रदेशमा कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका १,४६७ जनाको परिवारलाई प्रदेश सरकारले आर्थिक सहायता उपलव्ध गराउने निर्णय अनुसार मृतकका परिवारलाई रु ५० हजारका दरले राहत रकम उपलव्ध गराइएको छ र पछिल्लो चरणमा केही छुटपुट भएका डेटाहरु आइरहेको छ । र हामीले त्यसलाई संकलन गरिराखेको अवस्था पनि मैले यस गरीमामय सदनमा जानकारी गराउन चाहन्छु । त्यसै गरेर कोभिड करारमा भर्ना भएका जनशक्तिहरुको करार अवधि समाप्त भएको र अन्य जनशक्तिको अभावका कारण मध्यबिन्दु अस्पतालमा पिसिआर परिक्षण सेवा अवरुद्ध भएकोले कोभिड संकास्पद बिरामीलाई एन्टिजेन्ट परीक्षण गरी उपचार सेवा प्रदान गरिरहेको र चालु आ.व. ७९/८० मा १६३ जना जनशक्ति पदपूर्तिका लागि गण्डकी प्रदेश सरकारबाट निर्णय भइसकेको र तत्काल जनशक्तिको व्यवस्था गरी पिसिआर ल्याव लगायत सेवा सुचारु गरिने कुरा पनि जानकारी गराउन चाहन्छु ।

कोभिड-१९ को संभावित चौथों लहरको सन्दर्भमा माननीयज्यूहरुले विषय उठाउनु भएको छ । प्रदेश सरकारले आफ्नो सबै संयन्त्रलाई तयारी अवस्थामा राखेको छ। कोभिड-१९ संक्रमित विरामीहरु जसलाई अस्पतालमा भर्ना भएर उपचार गर्नपर्नेहरुको सन्दर्भमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरा, धौलागिरी अस्पताल बाग्लुङ र सरुवा तथा संक्रामक अस्पताल पोखरामा निःशुल्क उपचारको व्यवस्था मिलाइएको छ। संक्रमणको

दर बढ्दै गएमा जिल्ला अस्पतालमा समेत उपचारको व्यवस्था मिलाइने छ । मिति २०७९ साउन ६ गते कोभिड-१९ सम्बन्धी प्रदेश निर्देशक समितिका अध्यक्ष माननयि मुख्यमन्त्रीज्यूको कृष्णचन्द्र नेपाली पोखरेलज्यूको अध्यक्षतामा अनलाईन जुम बैठक बसी स्वास्थ्यका मापदण्डहरु पालना गराउने, स्वास्थ्य संस्थाहरुलाई सङ्क्रमण व्यवस्थापनका लागि तयारी रहने, सुरक्षा स्वास्थ्य निकाय प्रशासन लगायत संयन्त्रलाई तयार रहने समेत निर्देशन भएको छ । र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयोजनामा स्वास्थ्य कार्यालयहरु ११ वटै जिल्लाका अस्पतालहरु, स्वास्थ्य कार्यालयहरु, आयुर्वेद कार्यालयसँग जिल्लामा हालको कोभिडको अवस्था व्यवस्थापनका लागि भएका तयारीको बारेमा अनलाईन जुम माध्यमबाट छलफल भएको छ ।

हालका दिनहरुमा फैलिएको मङ्किपक्सको बारेमा प्रदेश स्तरका सबै स्वास्थ्य कार्यालयमा सचेतना फैलाउन, प्रदेश सरकारले सबै जिल्लाहरुमा सूचना गरिसकेको अवस्था छ र तयारी गरिसकेको अवस्था पनि छ । प्रदेश सरकारबाट पदपूर्ति हुने १६३ जना स्वास्थ्य जनशक्तिले पनि कोभिड-१९ को व्यवस्थापनमा सहयोग पुग्नेछ। कोभिड-१९ व्यवस्थापनका लागि अक्सिनज प्लाण्ट २२ सय १८ वटा सिलिण्डर पूर्ण तयारी अवस्थामा राखिएको छ भने ८१ वटा आइसुलेसन वेड छन्, ४४ वटा आई.सी.यु वेड छन्, ७४ एसक्यू वेड छन्, २९ भेण्टिलेटर सहित हाल प्रदेश भरिमा कोरोना सक्रिय संक्रमित ५२४ जना रहेकोमा होम आइसोलेसनमा ५१० जना हुनुहुन्छ । र अन्य अस्पतालहरुमा १४ जना गरी संक्रमितको उपचार भइराखेको छ र २ जना कोभिड सङ्क्रमित आइसियूमा उपचाररत हुनुहुन्छ ।

धौलागिरी अस्पतालको विषयमा पनि विषय उठेको थियो । धौलागिरी अस्पताल वाग्लुङको सीप र भवन सम्पन्न हुने प्रकृयामा रहेको छ र साथै चालु आ.व. ०७९/८० बाट आवश्यक जनशक्ति व्यवस्थापन गरी सिटीस्क्यान सेवा सुचारु गरिने समेत माननीय सभामुखज्यू मार्फत गरीमामय सदनमा अवगत गराउन चाहन्छु । सबै स्वास्थ्य संस्थाहरुमा पारासिटामोल लगायत ९८ प्रकारका अत्यावश्यक औषधीहरु निःशुल्क उपलव्ध हुने व्यवस्था मिलाएको व्यहोरा समेत पनि अवगत गराउने छु । विद्यालयमा आकस्मिक स्वास्थ्य सेवा तथा स्वास्थ्य शिक्षा प्रदान गर्नका लागि विद्यालय नर्स कार्यक्रम कार्यविधि अनुसार संचालनमा ल्याइने व्यहोरा अवगत गराउँदछु । हाल प्रदेश

जनस्वास्थ्य प्रयोगशालाबाट पिसिआर सेवा निरन्तर चलिरहेकोमा कोभिड-१९ संक्रमणको अवस्था एवं आवश्यकताको आधारमा १ घर १ पिसिआर संचालन गरिने छ ।

नेपालको संविधान धारा ३५ स्वास्थ्य सम्बन्धी हक अन्तर्गत उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । त्यस्तै संविधानको धारा ५१ को राज्यको नीतिहरुको हक खण्ड (ज) मा नागरिकहरुका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा उल्लेखित प्रावधानहरुलाई राष्ट्रिय स्वास्थ्य नीति २०७६ गण्डकी प्रदेशको स्वास्थ्य नीति ०७८, प्रदेश सरकारको आ.व. ०७९/८० लाई कार्यान्वयन गर्न एवं नागरिकहरुको स्वास्थ्य प्रतिको जिम्मेवारीलाई प्रतिवद्धता जनाउँदै लमजुङ्ग अस्पताललाई सामाजिक विकास मन्त्रालय र मानव विकास तथा सामुदायिक सेवा बिच भएको सम्झौता भंग गरी प्रदेश सरकारले पूर्ण रुपमा आफ्नो मातहतमा राखी संचालन तथा व्यवस्थापन गरी लमजुङ्गवासीले निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा पाउने हकलाई सुनिश्चित गर्दै लमजुङ्ग अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रत्याभूत गर्दै थप सेवा विस्तार गरिनेछ । अन्तमा, माननीयज्यूहरुको अमूल्य सहयोग अहिले पनि रहेको छ र जति पनि कार्यक्रमहरु छन्, यसलाई सकारात्मक ढङ्गबाट सहयोग गर्नुहुनेछ भन्ने विश्वास दिलाउँदै, गर्नुहुनेछ भन्ने अपेक्षा गर्दै यो विषयवस्तु यहीं अन्त गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म उर्जा जलस्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्यलाई विभिन्न मितिका सभाको बैठकमा माननीय सदस्यहरुले शून्य र विशेष समयमा उठाउनुभएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय मन्त्री हरिशरण आचार्य**

माननीय सभामुखज्यू, विभिन्न मितिमा यो सम्मानित सदनमा उठेका विशेष गरी शून्य समय र विशेष समयमा उठेका विषयवस्तुहरुमा कतिपय चासो र चिन्ताका साथ र कतिपय सरकारलाई जिम्मेवारी वोध गराउने विषयका साथ जो माननीयज्यूहरुले गम्भिरतापूर्वक विषयवस्तुहरु उठान गर्नुभएको छ । यो विषयप्रति म जो-जो

माननीयज्यूहरुले यी विषयवस्तुहरु उठान गर्नुभयो, उहाँहरप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस सन्दर्भमा हाम्रो मन्त्रालय उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयको कार्यक्षेत्रभित्र रहेका विशेष गरी ४ वटा विषय उर्जा अथवा विद्युतिकरणका समस्याका विषयवस्तुहरु अथवा त्यस क्षेत्रसँग सम्बन्धित, उर्जासँग सम्बन्धित विषयवस्तु । दोस्रो खानेपानी तथा सरसफाईसँग सम्बन्धित विषयवस्तु । तेस्रो सिँचाई अथवा सिँचाई नपुगेका क्षेत्रहरुमा हामीले बाह्रै महिना सिञ्चित गर्ने विषयवस्तु, । चौथो विषयवस्तु जलस्रोत व्यवस्थापन अथवा नदी नियन्त्रण जग्गा उकारसगँ सम्बन्धित विषयवस्तुहरु ।

ति विषयवस्तुसँग सम्बन्धित रहेर धेरै विषयवस्तुहरु उठान भएका छन् र आजसम्म आउँदाखेरी माननीयज्युहरुले विशेषतः म्याग्दी जिल्ला, नवलपुर जिल्ला, गोरखा, स्याङजा, कास्की र पर्वतमा बाढीपहिरोसँग सम्बन्धित विषयवस्तुहरुका बारेमा उठान गर्नुभएको छ । र हामीले सबै जुन-जुन ठाउँमा माननीयज्यूहरुले उठाउनु भएको जो पहिरोका पहिरो गएको र त्यहाँ भएको क्षतिका विषयवस्तुमा हाम्रो सम्बन्धित कार्यालयलाई हामीले निर्देशन गरिसकेका छौं र ती ठाउँहरुको अध्ययन प्रक्रिया प्राविधिक रुपमा अगाडी बढाएर हामी विपद्सगँ सम्बन्धित योजनाहरुको बारेमा त्यसलाई स्रोत व्यवस्थापन गरि काम गर्ने कुरा म यहाँहरुको बिचमा प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । र यो सँगै गत वर्ष पनि हामीले यसरी नै कतिपय बाढीपहिरो, विपद् बाट जो समस्याहरु बने ती अधिकांश ठाउँहरुमा तत्काल हामीले सानै भए पनि मलमपट्टि लगाउने गरी स्रोत व्यवस्थापन गरेर काम गयौं । करीव ३४६ वटा आयोजना बनाएर त्यसलाई हामी विभिन्न क्षेत्रमा बाढीपहिरोबाट भएका क्षति न्यूनीकरण गर्ने प्रश्न, नियन्त्रण गर्ने प्रश्न यी सबै कुराहरुलाई हामीले काम गर्ने गरी अगाडि बढ्यौं भने अहिले पनि हामी फेरी ती क्षतिबाट जुन मतल जुन बाढीपहिरोबाट क्षति भइराखेको छ, ती सबै कामहरुलाई हामीले व्यवस्थापन गर्ने गरी त्यसको नियन्त्रण गर्नेगरी, क्षति न्यूनीकरण गर्नेगरी हामी काम गर्नेछौं । म सभामुख मार्फत यस सम्म्मानित सदनमा राख्न चाहन्छु ।

यसैगरी माननीयज्यूहरुले कतिपय सन्दर्भमा योजनाहरुमा बजेट कम भएको कुरा अनि विपद्लाई व्यवस्थित ढंगले संवोधन नगरेको कुराहरु कतिपय सन्दर्भमा उठान गर्नुभयो। र यी विषयवस्तुहरुमा हामीले बजेटको स्रोत व्यवस्थापनको हिसावले विगत र अहिले आउँदाखेरी हामी अझ मनत्रालयले हिजो भन्दापनि अझ कसरी काम गर्ने होला भनेर

चिन्ता गर्नुपर्ने परिस्थिति बनेकै छ । विगत वर्ष र अहिले आउँदाखेरी स्रोत व्यवस्थापनका हिसावले केही न केही त्रुटी भएकै छ । त्यो त्रुटीहरुलाई सच्याउँदै हामी सरकारका तर्फबाट कसरी काम गर्ने हामी चिन्ताकासाथ लाग्ने कुरा म यो गरीमामय सभामा आफ्नो प्रतिवद्धता राख्न चाहन्छु ।

यो सँगै हामीले भुक्तानिको विषयवस्तुसँग सम्बन्धित रहेर कतिपय विषयवस्तुहरु उठे। गत वर्ष असार मसान्तसम्म भुक्तानि दिने प्रक्रिया संघ सरकारले त्यसको व्यवस्थापन गरेको थियो । त्यो समयलाई व्यवस्थापन गरेको थियो । तर अहिले असार २५ गते भन्दा पछाडि भुक्तानि गर्न नपाउने गरी अथवा त्यो समय नथप्ने गरी आयो । र त्यो भइसकेपछि हामीले गण्डकी प्रदेश सरकारबाट पछाडि पनि केही समय अवधि थप गर्नाका निमित्त हामीले निर्णय त गर्यौं तर फेरी त्यो केन्द्र सरकारले, त्यो विषयलाई स्वीकार नगरेपछि त्यो समस्याहरु पैदा भए । त्यो भइसके पछाडि हाम्रो उपभोक्ताहरुले पनि यो काम गर्ने सन्दर्भमा लास्टमा गएर मात्रै जो अहिले महंगी, मूल्यवृद्धि, यो बजारको तरलताको कारणले गर्दाखेरी तैपनि मूल्य घट्छ कि भन्दै उपभोक्ताहरुले पनि काम ढिलो गर्ने अवस्था र त्यसपछाडि त्यो कुराहरुको कारणले भैराखेको काम पनि उहाँहरुले लास्टमा गएर मात्र त्यसलाई सम्पन्न गर्ने अनि फेरी फिल्डमा गएर इञ्जिनियरले हेर्न अथवा त्यसको मूल्याङ्कन गर्न नभ्याउने त्यो परिस्थितिको अवस्थामा अलिकति ढिलो हुन जाँदाखेरी, अन्तिममा प्राविधिक रुपमा जो चाप पर्छ त्यही बेलामा सबै सरबरहरु देखि लिएर सिगासको सिस्टममा त्यही समस्याहरु पैदा हुन्छ । र ती कारणहरुले हामीले एउटा आयोजनाको इन्ट्रि गरेर त्यसलाई बजेट भुक्तानी गर्ने त्यो समयका हिसावले करिव २५ मिनेट समय लाग्छ। त्यो सानो होस् या ठूलो होस्, धेरै रकमको होस् या थोरै रकमको होस् । त्यो सबै समय एकैदिनमा त्यो चाप पर्दाखेरी, सबै आयोजनाहरुको भुक्तानी गर्न गाह्रो हुन्छ । त्यसो भएर हाम्रो सिस्टमको हिसावले हामीले यसलाई नयाँ ढङ्गले परिवर्तन गर्नपर्ने आवाश्यकता छ । हाम्रो सार्वजनिक खरिद ऐन, पञ्चायतकालिन अवस्थामा जस्तो थियो सामान्य सुधार भएको छ, त्यो आमूल परिवर्तन भएको छैन । जतिबेलासम्म त्यो परिवर्तन हुँदैन त्यतिबेला सम्म हामीले चाहेको अवस्थामा पनि यो भुक्तानी प्रक्रियालाई व्यवस्थापन गर्ने सही ढङ्गले एउटा वातावरण बनाउन सक्ने अवस्था बन्दैन । मैले सम्मानित सदनमा यो जानकारी पनि गराउन चाहन्छु ।

यो अन्तर्गत रहेर कतिपय जिल्लाहरु जस्तो वाग्लुङ्ग जिल्लामा जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय अन्तर्गत १ करोड ४५ लाख बजेट मतलव भुक्तानि गर्न बाँकी छ । लगायतका यी सबै ठाँउहरु, सबै जिल्लाहरुको १६ वटा कार्यालयहरु जो छन् हाम्रो मन्त्रालय अन्तर्गतका, ति १६ वटा कार्यालयमा करिब १० करोड बजेट हामीले भुक्तानि गर्न बाँकी छ । त्यो १० करोड बजेट हाम्रो आगामि आ.व. को अथवा ०७९/८० को आ.व. मा त्यो दायित्व सर्न जान्छ । यसो हेर्दाखेरी अघिल्लो वर्षको ०७८/७९ को आ.व. को बजेट को भुक्तानि गर्न बाँकी रहेको रकम र अहिले आउँदाखेरी त्यो १० करोडको चाहिँ हाम्रो दायित्व सर्न गएको त्यो म विशेष गरी सम्मानित सदनमा म जानकारी गराउन चाहन्छु । र सँगै हामीले कतिपय सन्दर्भमा माननीयज्यूहरले क्रमागत योजनाहरु काटियो भन्ने विषयवस्तुहरु जो उठान गर्नुभएको छ, हामी सरसर्ती हेर्दाखेरी केही ठाउँमा क्रमागत आयोजनाहरु प्राविधिक रुपमा अथवा कसरी कुन ठाउँ छुट्न गयो त्यो छुटेको कुरा सत्य रहेछ । मैले सम्मानित सदनमा यो विषयवस्तुमा जानकारी गराउन चाहन्छु । ती सबै आयोजनाहरुलाई हामीले त्यसको विवरण संकलन गरेर कार्यालयहरुमा हामीले निर्देशन गरिसकेका छौं । सबै कार्यालयहरुबाट हामीले त्यो विवरण संकलन गरेर त्यसलाई फेरी हामी अर्थमन्त्रालयसँग सल्लाह गरेर स्रोत सुनिश्चितताको निमित्त हामी व्यवस्थापन गर्ने कुरा  जानकारी गराउदैं आफ्नो विषयबस्तु टुङ्ग्याउन चाहन्छु । हस्, धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म मिति २०७८ साल चैत्र २३ गतेको सभाको बैठकमा प्रस्तुत भई मिति २०७८ चैत्र २५ मा बसेको सभाको बैठकबाट दफावार छलफलको लागि विधायन समितिमा पठाइएको गण्डकी प्रदेशको सूचनाको हकमा प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन सहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका सभापति माननीय विष्णु प्रसाद लामिछानेलाई अनुमति दिन्छु।

**माननीय विष्णु प्रसाद लामिछाने**

माननीय सभामुख महोदय, मिति २०७८ साल चैत्र २५ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत

गण्डकी प्रदेशमा सूचना हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा छलफल गर्न मिति २०७९ साल असार १०, साउन ४, ९, १६, १७ र २० गते समितिको बैठक बसेको थियो । समितिको बैठक समितिका माननीय सभापति विष्णु प्रसाद लामिछानेको अध्यक्षतामा बसेको थियो ।

बैठकमा समितिका माननीय सदस्यहरु आशा कोइराला, धनन्जय दवाडी, धनमाया पोखरेल लामा, पियारी थापा, डा. पुष्पा केसी भण्डारी, मनबहादुर गुरुङ, राजिव पाहारी, ललितकला गुरुङ, सरीता गुरुङ, सावित्रा राना, हरिबहादुर चुमान र माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दु कुमार थापाको उपस्थित रहेको थियो। साथै बैठकमा प्रदेश सभाका माननीय सभामुख नेत्रनाथ अधिकारी, माननीय उपसभामुख श्रृजना शर्मा, कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयका सचिव शम्भुराज रेग्मी लगायतको उपस्थिति रहेको थियो ।

विधेयक उपर छलफलको क्रममा सम्बन्धित विषयविज्ञहरु राष्टिय समावेसी आयोगका माननीय अध्यक्ष डा. रामकृष्ण तिमिल्सिना र राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख सुचना आयुक्त कृष्णहरि बास्कोटालाई बैठकमा आमन्त्रण गरी विधेयक उपर महत्वपूर्ण राय सुझाव संकलन गरिएको थियो । यस प्रकार विभिन्न मितिमा समितिको बैठक बसी व्यापक छलफल गरी सबैका राय र परामर्श समेतलाई समावेश गरी प्रस्तुत विधेयकका सम्बन्धमा सर्वसम्मतिबाट निर्णय भएबमोजिम प्रस्तुत प्रतिवेदन गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय भूमि व्यवस्था कृषि तथा सहकारी गरिबी निवारण मन्त्री श्री चन्द्रवहादुर बुढालाई प्रदेश कृषि व्यवसाय प्रबर्धन ऐन २०७७ लाई संसोधन गर्न बनेको विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मन्त्री चन्द्रवहादुर बुढा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले प्रदेश कृषि व्यबसाय प्रबर्धन ऐन २०७७ लाई संसोधन गर्न वाञ्छनीय भएकोले प्रदेश कृषि व्यवसाय प्रबर्धन ऐन २०७७ लाई संसोधन गर्न बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधार १ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक मिति २०७९ साल साउन २६ गते दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।